नगर कार्यपालिकाको
बैठक संख्या ...१०...
मिति २०७९।५।१०. को
निर्णय प्रमाणित

बैठक संख्याः ७/२०७९-०८४

मिति २०७९ साल भाद्र १० गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

**निर्णय नं. १**

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

कोहलपुर नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कार्यविधिको मस्यौदा बैठकमा टेबुल भयो । सो मस्यौदामा छलफल पश्चात प्राप्त राय सुझावहरु समेटी सार्वजनिक सेवा तथा क्षमता विकास समितिले अन्तिम रुप दिई आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

**निर्णय नं. ३**

क. राष्ट्रिय भूमी आयोगको भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण प्रयोजनार्थ जग्गाको वर्गिकरण सम्बन्धी बिस्तृत रुपमा छलफल भयो । स्थानीय भूपरिषदले गरेको जग्गाको वर्गिकरणलाई आधार मानी रत्न राजमार्ग एवं पूर्व पश्चिम राजमार्गसँग जोडिएका, राजमार्ग छेउछाउमा रहेका बजार क्षेत्रका शहर लाई मूल आधार मानी वडास्तरीय भूमी सम्बन्धी सहजिकरण समितिले निर्णय गरी जग्गाको वर्गिकरण गर्न यथाशीघ्र नगरपालिकामा सिफारिस गर्ने ।

ख. राष्ट्रिय भूमी आयोगको कोहलपुर नगरपालिकामा रहने सेवा केन्द्रमा प्रमुखको जिम्मेवारी नगर कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृत छैठौं श्री बीर बहादुर बि.के. लाई तोक्ने । भूमि सम्बन्धी कार्यका लागि कार्यालयको नियमति समय बाहेक साँझ बिहान अतिरिक्त समय कार्य गरेवापत केन्द्र प्रमुख र अन्य कर्मचारीलाई आवश्यक्ता अनुसार कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि(खर्च मापदण्ड नियमित गर्ने) २०७९ बमोजिम प्रोत्साहन सुविधा उपलब्ध गराउने ।

ग. भूमी सम्बन्धी लगत संकलन ईकाईको कार्यका लागि रु.५० लाख बजेट विनियोजन भएकोमा उक्त बजेटको प्रस्तावित ब्रेकडाउनका विषयमा छलफल गरियो । प्राप्त राय सुझाव समेटी उक्त बजेट ब्रेकडाउन स्वीकृत गर्ने।

**निर्णय नं. ४**

क. कोहलपुर नगर प्रहरी नियमावलीको मस्यौदामा दफावार छलफल गरियो । सो विषयमा प्राप्त राय सूझावहरुलाई समेटी कोहलपुर नगरपालिकाको नगर प्रहरी नियमावली, २०७९ स्वीकृत गर्ने ।

ख. छनौट भएका नगर प्रहरीको सेवा प्रवेश तालिम ३०(तीस) कार्य दिनको कायम गरी १५ कार्यदिन आवाशीय तथा १५ कार्यदिन फिल्डको रहने गरी कोर्स डिजाईन गरी तालिम सञ्चालन गरिदिन कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत हाल नेपालगञ्जलाई अनुरोध गर्ने ।

ग. नगर प्रहरी भर्ना छनौट एवं तालिम कार्यको लाग्ने सम्पूर्ण खर्च चालु आर्थिक वर्षमा विनियोजित कार्यक्रम खर्च शिर्षकबाट लोकसेवाको मापदण्ड अनुसार भुक्तानी गर्ने ।

नगर कार्यपालिकाको
बैठक संख्या ८
मिति २०७९।५।१० को
निर्णय प्रमाणित

निर्णय नं. ५

क. सङ्घीय मामिला तथा सामान्य प्रशान मन्त्रालयको, च.नं. ५, मिति २०७९/०४/०१ को पत्रबाट प्राप्त आधारभुत अस्पतालको नमूना संगठन संरचना एवं दरबन्दी तेरिजको विषय जानकारी भयो । सो पत्रानुसार हुने गरी यस नगरपालिका अन्तर्गत रहेको १५ शैयाको आधारभुत अस्पतालमा अर्को व्यवस्था नभएसम्मका लागि सोही अस्पतालमा कार्यरत मेडिकल अधिकृत डा. सन्तोष बि.सी. लाई थप आर्थिक भार नपर्ने गरी मेडिकल सुपरिटेण्डेण्टको जिम्मेवारी दिने साथै अस्पताललाई मापदण्ड बमोजिम सञ्चालन गर्न तयारी एवं अस्पताल संचालनको क्रममा अन्तरङ्ग इकाईमा रही अस्पतालको नर्सिङ बिभाग प्रमुखको रुपमा हाल स्वास्थ्य शाखामा कार्यरत अ.न.नि. अधिकृत छैठौं श्री शोभा अधिकारीलाई खटाउने ।

ख. यस नगरपालिकाको साविकमा कार्यरत स्वास्थ्य शाखा प्रमुख अवकाश भई रिक्त रहेको हुँदा सम्बन्धित तहको शाखा प्रमुख हाजिर नहुँदा सम्मका लागि शाखामा कार्यरत कर्मचारीहरु मध्ये बरिष्ठताको आधारमा स्वास्थ्य शाखा प्रमुखको जिम्मेवारी दिने ।

ग. कोहलपुर नगरपालिकामा नेपाल सरकारको स्वीकृत दरबन्दी भन्दा बढी रहेका स्वास्थ्य सेवा अन्तर्गतका कर्मचारीहरुलाई कार्यपालिकाको मिति २०७९/०४/११ को निर्णय अनुसार मिति २०७९/०४/२३ को पत्रबाट मन्त्रालयमा फिर्ता पठाउने पत्राचार गरिएकोमा हाल सर्वोच्च अदालतबाट कर्मचारी समायोजन सम्बन्धी विभिन्न प्रकृतिका मुद्दाहरुको फैसला भई पूर्ण पाठ आउन बाँकी रहेकोले सो पूर्णपाठ आएपश्चात अर्को निर्णय नभएसम्मको लागि हाल उक्त पत्र कार्यान्वयन नगरी निजहरुलाई यथावत जिम्मेवारीमा रही कामकाज गराउने ।

निर्णय नं. ६

कोहलपुर नगर शिक्षा समितिको मिति २०७९/०४/२९ गतेको बैठकका निर्णयहरु कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त मितिको नगर शिक्षा सिमितिका निर्णयहरु अनुमोदन गरियो।

निर्णय नं. ७

नापी र मालपोत कार्यालयको शाखा कोहलपुरमा बिस्तारका लागि आवश्यक भवन व्यवस्थापन गर्न तत्कालका लागि कोहलपुर नगर विकास समिति कार्यालय कम्पाउण्ड भित्र रहेको ४ कोठे भवन उपलब्ध गराईदिन नगर विकास समितिलाई पत्राचार गर्ने । सो भवन तत्काल संचालन गर्न प्राविधिक लागत अनुमान अनुसार मर्मत सम्भार गरी सो रकम एवं माननीय मन्त्रीज्यूबाट समुद्घाटन हुने सो कार्यालयहरु उदघाटन गर्दा लाग्ने खर्च समेत कोहलपुर नगरपालिकाको वार्षिक विकास पुस्तिकाको पेज नं. ७१ सि.नं. ७० "विभिन्न (सरकारी तथा गैह्र सरकारी) निकायहरुसँग समन्वय र सहकार्य" बाट खर्च हुने गरी भुक्तानी गर्ने ।

निर्णय नं. ८

यस नगरपालिकामा निर्वाचित भई पदबहाली गरे पश्चात १०० दिनको अवधिमा भएका मुख्य उपलब्धीहरु एकीकृति गरी जनता सामु प्रस्तुत गर्नुपर्ने भएकोले आआफ्नो शाखा/ उपशाखा/ वडा कार्यालयहरुले सम्पादन गरेका उल्लेखनीय कार्यहरुको विवरण २०७९ भदौ १५ गतेभित्र नगर प्रमुखको सचिवालयमा उपलब्ध गराउने।

नगर कार्यपालिकाको
बैठक संख्या ...८...........
मिति २०७९।५।१० ... को
निर्णय प्रमाणित

निर्णय नं. ९

कार्यपालिकाको मिति २०७९/०४/११ को निर्णयानुसार यस नगरपालिकामा गत आ.ब.२०७८/०७९ मा भए गरेका कार्यहरुको वार्षिक समिक्षा यही मिति २०७९/०४/२२ र २३ गते सबै शाखा/ उपशाखा प्रमुख, वडा सचिव, पदाधिकारी एवं कर्मचारीहरुको संलग्नतामा भए गरेका कार्य एवं उपलब्धीहरुको समिक्षा प्रतिवेदन एकीकृत गरी प्रकाशन गर्ने । साथै समीक्षाको क्रममा आएका सूझाव एवं पृष्ठपोषणलाई आगामी दिनमा अवलम्बन गरी योजना तथा कार्यक्रमहरु निर्धारित समयमै शुरु, सञ्चालन एवं सम्पन्न गर्ने।

निर्णय नं. १० विविध

क. कोहलपुर नगरपालिकासँग ठेक्का सम्झौता गरी समय मै कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायहरुलाई सार्बजनिक खरिद ऐन, २०६३ एवं नियमावली २०६४ र कोहलपुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ बमोजिम हर्जाना, दण्ड जरिवाना, कारवाही, कार्यसम्पादन जमानत बैंक ग्यारेन्टी जफत एवं कालो सूचिमा राख्नका लागि सिफारिस गर्ने सम्मको प्रकृया अगाडी बढाउने भनी कार्यपालिकाको मिति २०७९/०४/११ गते निर्णय भएकोमा निर्माण व्यवसायीबाट वडा कार्यालयको सिफारिस सहित म्याद थप गरी कार्यसम्पन्न गर्ने प्रतिबद्धता सहित निवेदन आएकाले सो योजनाहरुको सम्बन्धमा कम्तीमा ६० प्रतिशत कार्य सम्पन्न गरिसकेकाको हकमा म्याद समाप्त भएको मितिले ३(तीन) महिना भित्र कार्य सम्पन्न गरी भुक्तानी माग गरेमा नियमानुसार लाग्ने हर्जना जरिवाना लिई अनुगमन एवं मुल्यांकन गरी वार्षिक विकास पुस्तिकाको पेज नं. ७२ सि.नं. ८१ "०७८/०७९ मा सम्पन्न नभई अपुरा रहेका योजनाको पुनः खरिद तथा व्यवस्थापन" खर्च शिर्षकबाट रकम भुक्तानी दिने। ६० प्रतिशत पनि कार्य सम्पन्न नगरेकाको हकमा साथै तीन महिनाको अवधि सम्म पनि कार्य सम्पन्न नगर्ने निर्माण व्यवशायीहरुलाई साबिकको निर्णयानुसार थप कारवाही अघि बढाउने ।

ख. यस नगरपालिकामा 'घ' वर्गको ईजाजत पाउँ भनी निवेदन पेश गरी आवश्यक प्रक्रिया पुरा गरेका **"बिमल कन्सट्रक्सन, कोहलपुर नगरपालिका २, बाँके"** लाई 'घ' वर्गको ईजाजत पत्र दिने ।

ग. यस नगरपालिका अन्तर्गत ल्याबमा कार्यरत मेडिकल ल्याब टेक्निसियन लक्ष्मी अधिकारी र ल्याब असिष्टेण्ट दिपक शर्मालाई आफूले ल्याबमा कार्य गरेको जोखिम भत्ता उपलब्ध गराई पाउँ भनी निवेदन दिएकोमा निजहरुलाई ल्याबमा काम गरेको प्रतिवेदन सहित पेश गरेमा २०७९ श्रावणदेखि लागु हुने गरी मासिक शुरु तलबको १५% (पन्ध्र प्रतिशत) जोखिम भत्ता उपलब्ध गराउने ।

घ. यस नगरपालिका भित्रका प्रदेश भू-संरक्षण कार्यालयको मापदण्ड अनुसार म्याचिङ् बाट कार्य गर्न मिल्ने योजनाहरुको हकमा नगर प्रमुखले निर्णय गरी त्यस्ता योजनाहरु स्वीकृत गरी संचालन गर्ने र नगरपालिकामा विनियोजित म्याचिङ् फण्ड शीर्षकबाट त्यस्ता योजनाहरुको भुक्तानी गर्ने।

ङ. कोहलपुर नगर खेलकुद विकास समितिमा तपसिलका व्यक्तिहरुलाई सदस्यमा मनोनयन गर्ने ।

१. श्री जगन्नाथ थारु, कोहलपुर १२,

२. श्री प्रकाश सिंह ठकुरी, कोहलपुर ८,

कोहलपुर नगरपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ...८...
मिति २०७६।८।१०. को
निर्णय प्रमाणित

३. श्री चन्द्र बहादुर श्रेष्ठ, कोहलपुर १

४. श्री अशोक शाही, कोहलपुर ५

५. श्री मनिषा थापा, कोहलपुर ११

च. कोहलपुर नगरपालिकाको सार्बजनिक खरिद नियमावली, २०७६ को नियम ९५(१) मा भएको व्यवस्था देहाय बमोजिम हुने गरी संशोधन गर्ने
"५ लाख" भन्ने शब्दावलीको सट्टा "१० लाख" भन्ने शब्दावली हुने ।

छ. यस नगरपालिका भित्र शान्ति सुरक्षामा २४ सै घण्टा खटिईरहनुपर्ने भएकाले ईन्धन सहयोग उपलब्ध गराई पाउँ भनी पत्र प्राप्त भएकोमा गरी ईलाका प्रहरी कार्यालय, कोहलपुरलाई मासिक अधिकतम् १०० लि. र जिल्ला ट्राफिक कार्यालय. कोहलपुर, बाँकेलाई आवश्यकता एवं तहाँको माग पत्रानुसार मासिक अधिकतम् ५० लि. डिजेल इन्धन बार्षिक विकास पुस्तिकाको पेज नं. ७१ सि.नं. ७० विभिन्न (सरकारी तथा गैह्र सरकारी) निकायहरुसँग समन्वय र सहकार्य शिर्षकबाट खर्च हुने उपलब्ध गराउने। सो को जिन्सी शाखाले छुट्टै अभिलेख व्यवस्थापन गर्ने ।

ज. न्यायिक समितिका लागि कानूनी सल्लाह तथा परामर्श लिनको कोहलपुर नगरपलिका वडा १०, बाँकेका अधिवक्ता श्री कर्ण बहादुर के.सी. लाई कानूनी सल्लाहकारका रुपमा नियुक्ति दिने ।